**निर्णय नं. १**

४ नं. प्रदेशको नामाकरण गण्डकी प्रदेश नामाकरण गरिएको तथा प्रदेशको केन्द्र पोखरा कायम गरिएकौमा प्रदेशसभालाई धन्यवाद दिने निर्णय गरियो ।

**निर्णय नं. २**

यस जिल्लाका सबै स्थानीय तहमा कम्तिमा १ (एक) वटा इलाका प्रहरी कार्यालय स्थापना गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

यस जिल्लाका भिमाद नगरपालिका, घिरिङ्ग र ऋषिङ्ग गाँउपालिकालाइ केन्द्रित गरी हालको जिल्ला प्रशासन कार्यालयबाट प्रदान गरिएका सेवा प्रवाह गर्नको लागि भिमादमा इलाका प्रशासन कार्यालय स्थापना गर्नका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

जिल्ला समन्वय समिति, तनहुँले आ.व. २०७४/०७५ मा संचालन गरेका कार्यक्रमहरु सहितको वार्षिक प्रतिवेदन स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

जिल्ला समन्वय समितिको स्वामीत्वमा रहेको साविक फराकचौर ९/ग कि.नं. १५२० को ५३-१४-३-२ मध्ये जिल्ला प्रशासन कार्यालय अगाडीको वि.पि. वनवाटिका रहेको खेलमैदानलाई आवश्यक पूर्वाधार निर्माण तथा व्यवस्थापन (गैर व्यवसायिक) कार्यको लागि व्यास नगरपालिकालाई ५ वर्षको लागि उपलब्ध गराउने र उक्त समयावधी पश्चात सो खेलमैदान जिल्ला समन्वय समितिमा हस्तान्तरण हुने निर्णय गरियो ।

**निर्णय नं. ६**

जिल्लाका स्थानीय तहहरुले ढुङ्गा, गिट्टी, बालुवा बिक्रि तथा निकासीबाट संकलन गरेको शुल्कको १% रकम अनुगमन कार्यका लागि जिल्ला समन्वय समितिलाई उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ७**

जिल्ला समन्वय समितिको आ.व. २०७४/०७५ को जिल्ला सभाबाट आवश्यक कार्यविधी, प्रतिवेदन तथा विवरणहरु स्वीकृत गर्ने सम्बन्धमा जिल्ला सभाका सदस्यहरुबाट उक्त प्रस्ताव अध्ययनका लागि समय माग भएको सम्बन्धमा अध्ययन गरि अर्को बैठकमा स्वीकृतीको लागि पेश गर्ने निर्णय गरियो ।